# स्थानीय तह निर्वाचन (तेस्रो संशोधन) नियमावली, २०७४

**निर्वाचन आयोगबाट स्वीकृत मिति : २०७४।३।१४**

स्थानीय तह निर्वाचन नियमावली, २०७३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ७० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "स्थानीय तह निर्वाचन (तेस्रो संशोधन) नियमावली, २०७४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ३ मा संशोधन : स्थानीय तह निर्वाचन नियमावली, २०७३ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३ को खण्ड (ख३) पछि देहायको खण्ड (ख४) थपिएको छ :-

"(ख४) सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिको निर्वाचन सम्पन्न गर्ने गराउने,"

३. मूल नियमावलीको नियम ४ मा संशोधन : मूल नियमावलीको नियम ४ को उपनियम (१) को खण्ड (ढ) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर जिल्ला समन्वय समितिको निर्वाचनको हकमाा आयोगबाट स्वीकृत जिल्ला समन्वय समिति निर्वाचन निर्देशिका बमोजिम खर्च लेख्नु र लेखा राख्नु पर्नेछ ।"

४. मूल नियमावलीको नियम २९ मा संशोधन : मूल नियमावलीको नियम २९ को,-

(१) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ :-

"(२) जिल्ला समन्वय समितिको निर्वाचन गर्ने गराउने जिम्मेवारी सम्बन्धित जिल्लाको मुख्य निर्वाचन अधिकृतको हुनेछ ।"

(२) उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छ :-

"(२क) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुँदाका बखत सम्बन्धित गाउँपालिका वा नगरपालिकाको निर्वाचन सम्पन्न भई मुख्य निर्वाचन अधिकृतको कार्यालय बन्द भईसकेको जिल्लाको हकमा जिल्ला समन्वय समितिको निर्वाचनको लागि आयोगले न्याय परिषद्को परामर्शमा जिल्ला न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृतको रुपमा नियुक्त गर्नेछ ।"